# उपाध्यक्ष डा. श्रेष्ठ तथा नेपाल भ्रमणमा रहेको संयुक्त राष्ट्र संघको प्रतिनिधिमण्डलबीच भेटवार्ता

**प्रेस विज्ञप्ति**

राष्ट्रिय योजना आयोगका उपाध्यक्ष माननीय डा. मीनबहादर श्रेष्ठ र नेपाल भ्रमणमा रहेको संयुक्त राष्ट्र संघ अन्तर्गतका विभिन्न संस्थाहरुको संयुक्त कार्यकारी समिति (Joint Executive Board) को प्रतिनिधिमण्डलबीच राष्ट्रिय योजना आयोगको सचिवालय, सिंहदरबारमा आइतबार भेटवार्ता सम्पन्न भएको छ ।

उक्त अवसरमा उहाँहरुबीच नेपालको वर्तमान आर्थिक अवस्था, आगामि वैशाख ३१ मा हुन गइरहेको स्थानीय तहको निर्वाचन, स्थानीय निर्वाचनमा महिला प्रतिनिधित्वको सुनिश्चितता, नेपालमा संयुक्त राष्ट्र संघको सहयोग तथा बदलिँदो परिस्थितिमा संयुक्त राष्ट्र संघको भूमिका लगायतका विषयहरुमा छलफल भएको थियो ।

उक्त अवसरमा बोल्दै आयोगका उपाध्यक्ष माननीय डा. श्रेष्ठले नेपालको राजनितिक स्थिरतासँगसँगै आर्थिक गतिविधिमा तीव्रता आएको बताउनुभयो । उहाँले विगत एक दशकभन्दा धेरै समय नेपालको आर्थिक वृद्धिदर चार प्रतिशत भन्दा कम रहेको र यस वर्ष मुलुकको आर्थिक वृद्धिदर ६ प्रतिशत हुने प्रक्षेपण गरिएको साथै अबको तीन वर्षपछि नेपालको आर्थिक वृद्धिदर दुई अंकको रहने बताउनुभयो । उहाँले आगामी बैशाखमा हुने स्थानीय तहको निर्वाचनपछि देश आर्थिक विकासको बाटोमा द्रूतस्तरमा अगाडि बढ्ने बताउँदै स्थानीय तहको निर्वाचनपछि देशमा पूर्णरुपमा राजनितिक स्थिरता आउने बताउनुभयो ।

“नेपालमा यही बैशाखमा स्थानीय तहको निर्वाचन हुँदैछ । स्थानीय तहको निर्वाचनले मुलुकलाई विकासको नयाँ चरणमा डोऱ्याउने हामीले आशा गरेका छौं,” उहाँले भन्नुभयो ।

उक्त अवसरमा उपाध्यक्ष डा. श्रेष्ठले नेपालमा संयुक्त राष्ट्र संघको सहयोगको चर्चा गर्दै संयुक्त राष्ट्र संघलाई नेपाल सरकारको तर्फबाट धन्यवाद समेत व्यक्त गर्नुभएको थियो । उहाँले बदलिँदो परिस्थितिमा नेपाल सरकारले संयुक्त राष्ट्र संघलगायतका संघसंस्थाहरुबाट थप सहयोगको अपेक्षा गरेको समेत बताउनुभयो । स्थानीय, प्रदेश तथा केन्द्रीय निर्वाचनमा महिला प्रतिनिधित्वको सुनिश्चितताका लागि सरकार प्रतिवद्ध रहेको र संवैधानिक व्यवस्था अनुरुप स्थानीय तह, प्रदेश र केन्द्रमा सो अनुरुप प्रतिनिधित्व नभए सरकारले संविधान संशोधन गरेर भएपनि महिला प्रतिनिधित्वको सुनिश्चितता गर्ने जानकारी गराउनुभयो ।

भेटका अवसरमा संयुक्त राष्ट्र संघका विभिन्न संघसंस्थाका प्रतिनिधिहरु सम्मिलित उक्त प्रतिनिधिमण्डलले सहश्रब्दी विकास लक्ष्य तथा दिगो विकास लक्ष्यमा नेपाल सरकारले देखाएको प्रतिवद्धताप्रति नेपाल सरकारलाई धन्यवाद दिनुका साथै बदलिँदो परिस्थितिमा नेपाल सरकारको अपेक्षाबारे पनि चासो राखेका थिए ।

तुलसी प्रसाद गौतम
प्रवक्ता
काठमाडौं, बैशाख-३